नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प.सं.:२०७५/०७६ चलानी संख्या: १०

मिति:२०७५/०४/०६

श्री स्थानीय तह सबै ।

**विषय: संगठन संरचना र दरवन्दी सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार(मन्त्रिपरिषद्)को मिति २०७४।१२।१४ को निर्णयबाट स्थानीय तहको अन्तरिम संगठन संरचना र दरवन्दी स्वीकृत भई हाल कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ । स्थानीय तहको कार्य प्रकृति, सेवा प्रवाह एवं विकास व्यवस्थापनको आवश्यकता, भौगोलिक स्थिति, सेवा पुर्‍याउन पर्ने जनसंख्यासमेतका आधारमा स्थायी संगठन संरचना र दरवन्दी निर्धारण गरी स्वीकृत गर्नु पर्ने हुँदा अन्तरिम संगठन एवं दरवन्दी व्यवस्थापनमा परिवर्तन गर्नुपर्ने भए देहायका विषय स्पष्ट गर्दै सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी १५ दिन भित्र प्रस्ताव गर्नु हुन संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको मिति २०७५।०४।०६ को निर्णयानुसार अनुरोध छ ।

१. अन्तरिम संगठन संरचना एवं दरवन्दीको कुन-कुन श्रेणी, पदमा दरवन्दी थपघट गर्नु पर्ने हो ? सो खुलाउने ।
२. विगतको स्थानीय निकायका कर्मचारी कार्यरत रहेका भए उनीहरुलाई कुन दरवन्दीमा के कसरी व्यवस्थापन गर्न सकिन्छ खुलाउने ।
३. अन्तरिम संगठन संरचना एवं दरवन्दीमा विकल्प स्ल्यास(/) दिई दरवन्दी स्वीकृत भएकोमा त्यसरी पदको विकल्प दिन नमिल्ने हुँदा कुन सेवा समूह अन्तर्गतको कुन पद राख्नु पर्ने हो एकिन गरी पठाउने ।
४. अन्तरिम संगठन संरचना भन्दा बढी दरवन्दी प्रस्ताव गर्नु पर्ने भए कुन पद, श्रेणी, तह, सेवा, समूह, उपसमूह थप गर्नु पर्ने हो खुलाई सोको पुष्ट्याई सहित त्यस्तो दरवन्दी प्रस्ताव गर्ने ।
५. प्रस्तावित पदको कार्य विवरण र संगठन चार्ट तयार गरी पठाउने ।
६. उपरोक्तानुसार १५ दिन भित्र प्रस्ताव प्राप्त नभएमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले उपयुक्त निर्णय गर्नेछ ।

**बोधार्थ:**
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,
आवश्यक सहयोग र समन्वय गरि दिनु हुन ।

(हरिनारायण शर्मा)
शाखा अधिकृत

निजामती सेवाको प्रतिवद्धता: पारदर्शिता र चुस्तता
सिंहदरवार, काठमाडौं, फोन: ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्स: ४२००२३८
अडियो नोटिस नम्बर: १६१८०१४२००३१४ इमेल:info@moga.gov.np वेब:www.moga.gov.np